नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मितिः २०७९/०३/३१ गते।

## प्रेस विज्ञप्ती- १२२

### "बैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

काठमाडौं जिल्ला,काठमाडौं महानगरपालिका वडा नं.४ विशालनगर बस्ने बर्ष ४० अमित शम्शेर ज.ब.रा.ले सिटिजन्स बैंक लिमिटेडमा रहेको निजको खाताबाट रकम भुक्तान हुने भनी उक्त बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनले बैंकिङ् कसूरका मुद्दामा मिति २०७८/१२/२१ फैसला गर्दै प्रतिवादी अमित शम्शेर ज.ब.रा.लाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा जम्मा १०(दश) दिन कैद र रु.६६,००,०००/- ( छैसठ्ठी लाख रुपैंया) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निज प्रतिवादीलाई मिति २०७९/०३/३० गते टुडालदेवी,काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| **प्रतिवादी:** | अमित शम्शेर ज.ब.रा |
| **उमेर:** | ४० बर्ष। |
| **ठेगाना:** | जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं.४,विशालनगर बस्ने। |
| **मुद्दा:** | बैंकिङ् कसूर |
| **सजाय:** | १० दिन कैद र रु.६६,००,०००/- (छैसठ्ठी लाख जरिवाना। |
| **फैसला मिति:** | २०७८/१२/२१ |
| **पक्राउ मिति:** | २०७९/०३/३१ |
| **पक्राउ स्थान:** | टुडालदेवी,काठमाडौं। |



**प्रवक्ता/निर्देशक**
(कमल थापा)
प्रहरी उपरीक्षक
सम्पर्क नम्बर: ९८५१२८१३३४
मिति २०७९।०३।३१ गते